गौरीगङ्गा नगरपालिकाका नगर प्रमुख श्री देवी दत्त कडेल ज्यूको अध्यक्षतामा मिति २०८३/०६/३० गते दिउँसो १:०० बजे नगर कार्यपालिकाको ९४औं बैठक बसी तपसिल बमोजिमको प्रस्तावहरु माथि छलफल गरी देहायबमोजिम निर्णयहरु गरियो ।

उपस्थिति

सि.नं.	पदाधिकारीको नाम, थर	पद	दस्तखत
१	श्री देवी दत्त कडेल	नगर प्रमुख	
२	श्री भोज बहादुर बम	नगर उप-प्रमुख	
३	श्री डबल बहादुर दियाकोटी बोहरा	वडा अध्यक्ष वडा नं. १	
४	श्री जनक बहादुर साउँद	वडा अध्यक्ष वडा नं. २	
५	श्री मनिराज जोशी	वडा अध्यक्ष वडा नं. ३	
६	श्री राम बहादुर चौधरी	वडा अध्यक्ष वडा नं. ४	
७	श्री विष्णु प्रसाद भाट	वडा अध्यक्ष वडा नं. ५	
८	श्री टेक बहादुर कुँवर	वडा अध्यक्ष वडा नं. ६	
९	श्री आशा राम डगौरा थारु	वडा अध्यक्ष वडा नं. ७	
१०	श्री करुणा चौधरी	वडा अध्यक्ष वडा नं. ८	
११	श्री राज कुमार थारु	वडा अध्यक्ष वडा नं. ९	
१२	श्री नर सिँ सार्की	वडा अध्यक्ष वडा नं. १०	
१३	श्री साहेवलाल चौधरी	वडा अध्यक्ष वडा नं. ११	
१४	श्री रुपा देवी जैशी	नगर कार्यपालिका सदस्य वडा नं. १	
१५	श्री मदन नेपाली	नगर कार्यपालिका सदस्य वडा नं. १	
१६	श्री इन्द्रकली देवी विश्वकर्मा	नगर कार्यपालिका सदस्य वडा नं. ४	
१७	श्री विशाल खवास	नगर कार्यपालिका सदस्य वडा नं. ६	
१८	श्री उर्मिला बम	नगर कार्यपालिका सदस्य वडा नं. ७	
१९	श्री लक्ष्मी देवी वि.क.	नगर कार्यपालिका सदस्य वडा नं. १०	
२०	श्री हरिना देवी खाती	नगर कार्यपालिका सदस्य वडा नं. ११	
२१	श्री भक्तराज जोशी	प्रमुख प्रशासकीय अधिकृत	

(९४ औं कार्यपालिका बैठक, मिति २०८३।०६।३० गते)

प्रस्तावहरु:

१. विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको शुभकामना व्यक्त गर्ने सम्बन्धमा।

२. रसुवाको बाढी-पहिरोमा परी निधन हुनुभएका गौरीगङ्गा-४ निवासी स्वर्गीय रवि बोहराप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्ने सम्बन्धमा।

३. आठौं WGKF विश्व गोजुरियो कराते च्याम्पियनसिपमा स्वर्ण, रजत र कांस्य पदक प्राप्त गरी राष्ट्र तथा नगरको गौरव बढाउने खेलाडीहरूलाई बधाई ज्ञापन गर्दै सम्मान गर्ने सम्बन्धमा।

४. चारपाङ्ग्रे सवारी साधन खरिदका लागि अपुग रु. २ लाख ५० हजार नगर समपुरक कोषबाट थप गर्ने सम्बन्धमा।

५. विभिन्न कार्यविधि उपर छलफल सम्बन्धमा।

६. नेपाल नगरपालिका सङ्घको वार्षिक सदस्यता शुल्क भुक्तानी गर्ने सम्बन्धमा।

७. सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयमा सिफारिसका लागि योजना छनोट गरी पठाउने सम्बन्धमा।

८. गौरीगङ्गा कप सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धमा।

९. चमरैया तालको ठेक्का सम्झौता म्याद थप सम्बन्धमा।

१०. बालमैत्री सहजकर्ताको म्याद थप सम्बन्धमा।

११. पहिलो त्रैमासीक समिक्षा सम्बन्धमा।

१२. सिचाइ बोरिङ्गका लागि बजेट विनियोजन गर्ने सम्बन्धमा।

१३. हिंसा पीडित महिलाहरुको व्यवस्थापनका लागि जिल्ला समन्वय समिति, कैलालीलाई लागत सहभागिता रकम उपलब्ध गराउने सम्बन्धमा।

१४. वढैपुर चतुर्दशी मेला सञ्चालनका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चाँमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

देवी दत्त कँडेल
नगर प्रमुख

बैठकका निर्णयहरुः

१. विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको अवसरमा नगरबासी सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

२. भोटेकोशी नदीमा आएको बाढी तथा पहिरोमा परी दिवङ्गत हुनुभएका गौरीगङ्गा नगरपालिका वडा नं. ४ निवासी रवि बोहराप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो। परिवारलाई मृतकको काजकरिया खर्च वापत रु. २५,०००/- (पच्चीस हजार रुपैयाँ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

३. भारतको पुणेमा अक्टोबर ५ देखी अक्टोबर १०, २०२६ सम्म सञ्चालन भएको आठौँ WGKF विश्व गोजुरियो कराते च्याम्पियनसिपमा स्वर्ण, रजत र कांस्य पदक प्राप्त गरी राष्ट्र तथा नगरको गौरव बढाउने खेलाडीहरुलाई बधाई ज्ञापन गर्ने तथा उक्त टोलीलाई आर्थिक सहायता स्वरुप रु. २५,०००।- दिने निर्णय गरियो।

४. यस नगरपालिकाका लागि चारपाङ्ग्रे सवारी साधन खरिद गर्दा अपुग हुने रु. २,५०,०००/- (दुई लाख पचास हजार रुपैयाँ) नगर समपुरक कोषबाट थप गर्ने निर्णय गरियो।

५. यस नगरपालिकाका देहाय बमोजिमका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो।

१. गौरीगङ्गा कप (फुटबल प्रतियोगिता) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

२. गौरीगङ्गा नगरपालिकाका कर्मचारीहरूको कार्यक्षमता अभिवृद्धि तथा आन्तरिक पर्यटन प्रवर्द्धन कार्यविधि, २०८३

३. घरदैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

६. नेपाल नगरपालिका सङ्घलाई यस नगरपालिकाले बुझाउनुपर्ने आ.व. २०८३।०८४ को वार्षिक सदस्यता शुल्क रु.५०,०००/- (पचास हजार रुपैयाँ मात्र) विविध कार्यक्रम खर्च शीर्षकबाट बुझाउने निर्णय गरियो।

७. क) सघन शहरी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयले माग गरे बमोजिम नगरपालिकाबाट तपसिल बमोजिमका योजनाहरु छनोट गरी पठाउने निर्णय गरियो।

तपसिलः

सि.न.	योजनाको नाम	वडा नं.	कैफियत
१.	एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गौरीगङ्गा नगरपालिका	०१ र ०४	
२.	राजिपुर वडा कार्यालय हुदै खुरखुरिया बझाङ्गी टोल रिङ् रोड सडक कालोपत्रे वडा नं. ०४	०४	
३.	मोहन्याल मन्दिर पूर्वाधार निर्माण वडा नं. ०१	०१	
४.	गौरीगङ्गा न.पा. वडा नं. ०४ वडा कार्यालय देखी लङ्गडी हुदै सुपारीयाम जोड्ने सडक कालोपत्रे	०४	

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

देवी दत्त कडेल
नगर प्रमुख

५.	गौरीगङ्गा न.पा. वडा नं. ०१ चनौरा रिङ रोड सडक कालोपत्रे	०१	
६.	गौरीगङ्गा न.पा. वडा नं. ०३ दक्षिण कुचैनी रिङ्ग रोड कालोपत्रे	०३	
७.	गौरीगङ्गा न.पा. वडा नं. ०८ को सिमाना देखी वडा नं. ०७ मटकौना जाने सडक कालोपत्रे	०८	
८.	गौरीगङ्गा न.पा. वडा नं. ११ को मुल सडक शिवपुर देखी डम्मारीपुर जाने सडक कालोपत्रे	११	

ख) शहरी सडक स्तरोन्नति, मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालयले माग गरे बमोजिम नगरपालिकाबाट तपसिल बमोजिमका योजनाहरु छनोट गरी पठाउने निर्णय गरियो।

तपसिलः

सि.न.	मर्मत गर्नुपर्ने सडकको नाम	वडा नं.	सडकको लम्बाई	कैफियत
९.	चौमाला चौराह हुँदै माघी, लठैया देखि गोप्का चोक सम्म सडक मर्मत	१	२ कि.मि.	
१०.	समाज सेवा देखि दक्षिण गोप्का जाने बाटो मर्मत		३०० मि.	
११.	महेन्द्र राजमार्गदेखि दक्षिण बेहडा बाबा जोड्ने [illegible]. सडक मर्मत	२	१ कि.मि.	
१२.	झिल चौराहा देखि गौडी पानसो पुल सम्म मर्मत	३	१ कि.मि.	
१३.	बासुदेव चोक देखि उत्तर इन्द्र राउतको घर सम्म मर्मत		५०० मि.	
१४.	कुचैनी देखि तिनकुने सम्म मर्मत		६०० मि.	
१५.	राजिपुर बिचबजार देखि बुद्धि भुषालको घर सम्मको सडक मर्मत	४	७०० मि.	
१६.	राजिपुरपुरानो बजार देखि बुद्ध भुषालको घर सम्मको सडक मर्मत		५०० मि.	
१७.	शिर्षा पेट्रोल पम्प देखि दशरथ गौतमको घर सम्मको सडक मर्मत		७०० मि.	
१८.	राजिपुर बिचबजार देखि जनता आ.वि. सम्मको सडक मर्मत		५०० मि.	
१९.	दक्षिण पुर चोक देखि कुट्टि कटान सम्मको सडक मर्मत		६०० मि.	
२०.	राजिपुर पुरानो बजार देखि उत्तर जाने सडक मर्मत		४०० मि.	
२१.	बालुवाटार देखि सिसौरा सडक खण्ड मर्मत	५	५ कि.मि.	
२२.	बालुवाटार देखि मोहन्याल मा.वि. सडक खण्ड मर्मत		३ कि.मि.	
२३.	बनबेहडा बजार हुँदै मोया जाने सडक मर्मत	६	२ कि.मि.	
२४.	बनबेहडा कल्भर्ट हुँदै विजयनगर रानिफाँटा जाने सडक मर्मत		१ कि.मि.	
२५.	ल्याण्डमार्क होटल हुँदै गोलदेव मन्दिर सम्म सडक कालोपत्रे मर्मत		५०० मि.	
२६.	कठौतिया लाल बहादुर सुनारको घर हुँदै विजयनगर सम्म सडक मर्मत		५०० मि.	
२७.	महादेवा हरिरामको घर देखिं पूर्व जाने बाटो मर्मत	७	१ कि.मि.	
२८.	इन्द्रपुर वरको रुख देखि पश्चिम जाने बाटो मर्मत		५०० मि.	
२९.	मसुरिया देखि तालबन्द सडक मर्मत		१.५ कि.मि	
३०.	विष्टान टोल सडक मर्मत		५०० मि.	

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

देवी दत्त कंडेल
नगर प्रमुख

३१.	मन्कापुर देखि वसन्त टोल जाने सडक मर्मत		१ कि.मि.	
३२.	बढैपुर बजारको दाँया र बाँया सडक मर्मत तथा स्तरोउन्नती मर्मत	८	५ कि.मि.	
३३.	वडा नं. ०८ को कार्यालय देखी वडा नं. ०५ को कार्यालयसम्म जाने बाटो मर्मत		१ कि.मि.	
३४.	मसुरिया बजार देखि स्वास्थ्य चौकी जाने बाटो सडक मर्मत		५०० मि.	
३५.	शंकरपुर चोक देखि उत्तर वनखेत सम्म मर्मत	९	५ कि.मि.	
३६.	शंकरपुर चोक देखि दक्षिण राजि कटान सम्म मर्मत		३ कि.मि.	
३७.	मसुरिया बजार देखि ११ वडाको सिमाना सडक मर्मत		२ कि.मि.	
३८.	मसुरिया गाउँ रिङ्गरोड मर्मत		२ कि.मि.	
३९.	राम समज चौधरीको घर देखि आँधिखोला मोड सम्म मर्मत		५०० मि.	
४०.	नर बहादुर रावलको घर देखि वडा कार्यालय, माया रामको मिल हुँदै शान्तिपुर टवलको नमुना गेट सम्म सडक मर्मत	१०	८९०मि.	
४१.	कृषि सडक डम्मारीपुर सम्म सडक मर्मत	११	५०० मि.	
४२.	शिवपुर रिङ्ग रोड मर्मत		५०० मि.	
४३.	ऐठा मुल सडक र भवानि मा.वि. देखि मसुरिया कल्भर्ट सम्म मर्मत		५०० मि.	
४४.	सितापुर अंग ऊडायतको घर देखि पश्चिम सडक मर्मत		३००	

८. गौरीगङ्गा कप (फुटबल प्रतियोगिता) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ बमोजिम गौरीगङ्गा कप सञ्चालन तथा व्यवस्थापन समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो।

तपसिलः

क्र.सं.	नाम	प्रतिनिधित्व / पद	भूमिका
१	श्री भोज बहादुर बम	नगरकार्यपालिका सदस्यहरूको तर्फबाट	संयोजक
२	श्री चक्र मल्ल	शिक्षक वा कर्मचारीहरू मध्येबाट	सदस्य
३	श्री अर्जुन प्रसाद भट्ट	शिक्षक वा कर्मचारीहरू मध्येबाट	सदस्य
४	श्री आशिष देवकोटा	नगर युवा परिषद्को कार्यकारी उपाध्यक्ष	सदस्य
५	श्री पुस्कर ढकाल	जिल्ला रेफ्री संघको प्रतिनिधि	सदस्य
६	श्री चन्द्र देव बम	जिल्ला फुटबल संघ प्रतिनिधि	सदस्य
७	श्री मिलन ओली	नगरपालिका भित्रका फुटबल खेलसँग सम्बन्धित क्लबहरूका प्रतिनिधि	सदस्य
८	श्री दिनेश कलेल	नगरपालिका भित्रका फुटबल खेलसँग सम्बन्धित क्लबहरूका प्रतिनिधि	सदस्य
९	श्री जयश्वर भण्डारी	शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधि	सदस्य

९. गौरीगङ्गा नगरपालिका वडा नं. ११ मा रहेको चमरैया तालको ठेक्का बन्दोबस्तीका लागि आलोक एण्ड आयुश कृषि फर्म, कैलारी-८, पृथ्विपुरले पेश गरेको प्रस्ताव स्वीकृत भई सम्झौताका लागि

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

देवी दत्त कंडेल
नगर प्रमुख

पत्राचार गरिएकोमा उक्त फर्मले बैंक जमानत पेश गर्ने अवधि १५ दिन थप गरिदिन अनुरोध गरे अनुसार उक्त म्याद थप गरी सम्झौता प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

१०. गौरीगङ्गा नगरपालिका वडा नं. ११ मा YARD धनगढी, World Vision International Nepal र यस नगरपालिकाको सहकार्यमा सञ्चालन हुँदै आएको बालमैत्री स्थानीय शासन कार्यक्रममा कार्यरत श्री दिपक चार्मकारको ज्यालादारी सेवाको म्याद मिति २०८३।०६।१५ गतेदेखि २०८३।१२।१५ गतेसम्म (६ महिना) का लागि थप गर्ने निर्णय गरियो।

११. चालु आ.व. २०८३।०८४ को प्रथम त्रैमासिक (असोज मसान्तसम्म) को राजस्व सङ्कलन, बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगतिको समीक्षा गरियो।

१२. गौरीगङ्गा नगरपालिका वडा नं. ४ मा रहेको हरियाली सामुदायिक वनमा सिँचाइ प्रयोजनका लागि बोरिङ माग भई आएकोले सो कार्यका लागि नगर समपुरक कोषबाट रु. १,५०,०००/- (एक लाख पचास हजार रुपैयाँ) विनियोजन गर्ने निर्णय गरियो।

१३. जिल्ला समन्वय समिति, कैलालीको मिति २०८३।०६।१५ (च.नं. ५४) को पत्र अनुसार "अल्पकालिन महिला सुरक्षित आवास गृह/सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१" को अनुसूची-५ बमोजिम हिंसा पीडित महिलाहरुको व्यवस्थापनका लागि यस नगरपालिकाले बुझाउनुपर्ने वार्षिक लागत सहभागिता रकम रु. ३,५०,०००/- (तीन लाख पचास हजार रुपैयाँ) नगर समपुरक कोषबाट उक्त समितिलाई उपलब्ध गराउने निर्णय गरियो।

१४. गौरीगङ्गा नगरपालिका, वडा नं. ०८, बढैपुरमा हरेक वर्ष चतुर्दशीका दिन बढैपुरस्थित भगवती मन्दिर परिसरमा लाग्दै आएको ऐतिहासिक तथा धार्मिक महत्त्वको "बढैपुर चतुर्दशी मेला" सञ्चालन तथा व्यवस्थापनका लागि रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

देवी दत्त कंडेल
नगर प्रमुख